बीमा समिति
BEEMA SAMITI
Insurance Regulatory Authority of Nepal

# बीमकको सूचना प्रविधि मार्गदर्शन, २०७६

फागुन, २०७६

कुपण्डोल, ललितपुर

# **बीमकको सूचना प्रविधि मार्गदर्शन, २०७६**

**प्रस्तावना:** बीमकले अवलम्बन गर्ने सूचना प्रविधि नीति तथा उपयोगबाट बीमितको हित रक्षा गर्न बाञ्छनीय भएकोले बीमा ऐन, २०४९ को दफा ८ को उपदफा (घ२) प्रयोग गरी बीमा समितिले **बीमकको सूचना प्रविधि मार्गदर्शन, २०७६** बनाएको छ।

परिच्छेद–१

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यो मार्गदर्शनको नाम **"बीमकको सूचना प्रविधि मार्गदर्शन, २०७६"** हुनेछ।

(२) यो मार्गदर्शन तुरुन्त लागु हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा,

(क) **"अभिलेख"** भन्नाले कम्प्युटर तथा कम्प्युटर प्रणालीको प्रयोग गरी डिजिटल ढाँचामा राखिने सबै किसिमका विद्युतीय अभिलेख सम्झनु पर्छ।

(ख) **"ऐन"** भन्नाले बीमा ऐन, २०४९ सम्झनु पर्छ।

(ग) **"तथ्याङ्क"** भन्नाले कम्प्युटर, कम्प्युटर प्रणाली वा कम्प्युटर नेटवर्कमा प्रयोग गर्ने उद्देश्यले अक्षर, अंक, छवि, ध्वनि, संकेत वा श्रव्य वा श्रव्य दृष्यका रूपमा तयार गरिएको वा उत्पादन गरिएको सूचना, ज्ञान, जानकारी, विवरण तथा अवधारण सम्झनु पर्छ।

(घ) **"बीमक"** भन्नाले ऐनको दफा १० बमोजिम बीमक दर्ता प्रमाणपत्र प्राप्त संगठित सँस्था सम्झनु पर्छ र सो शब्दले पुनर्बीमकलाई समेत जनाउँछ।

(ङ) **"बीमा व्यवसाय"** भन्नाले ऐन बमोजिम जीवन बीमा व्यवसाय वा निर्जीवन बीमा व्यवसाय सम्झनु पर्छ र सो शब्दले पुनर्बीमा व्यवसाय समेतलाई जनाउँछ।

(च) **"बीमित"** भन्नाले ऐनको दफा १० बमोजिम जीवन बीमा तथा निर्जीवन बीमा गराउने व्यक्ति वा संस्था सम्झनु पर्छ।

(छ) **"विद्युतीय हस्ताक्षर"** भन्नाले विद्युतीय स्वरुपमा भएको हस्ताक्षर सम्झनु पर्छ।

(ज) **"समिति"** भन्नाले ऐनको दफा ३ बमोजिम गठन भएको बीमा समिति सम्झनु पर्छ।

(झ) **"साइबर सुरक्षा"** भन्नाले कुनै पनि सूचना प्रविधिमा आधारित प्रणाली, नेटवर्क, सफ्टवेयर वा प्रोग्रामलाई डिजिटल आक्रमणबाट सुरक्षा गर्नका लागि गरिने उपाय सम्झनु पर्छ।

(ञ) **"सूचना प्रणाली"** भन्नाले कम्प्युटरमा प्रयोग गरिएका सबै स्वरुपका सूचना संकलन, सृजना वा उत्पादन गर्ने, सम्प्रेषण गर्ने, प्राप्त गर्ने, भण्डारण गर्ने, सुरक्षण गर्ने वा प्रयोग गर्ने प्रणाली सम्झनु पर्छ।

(ट) **"सूचना प्रविधि"** भन्नाले कुनै विद्युतीय माध्यमबाट कार्य तथा सेवा प्रवाह गर्न प्रयोग हुने सफ्टवेयर, हार्डवेयर, विद्युतीय (इलेक्ट्रोनिक) तथा अन्य सूचना प्रणाली सम्बन्धी संरचना, विषय वा प्रविधिलाई सम्झनु पर्छ।

(ठ) **"सेवा प्रदायक"** भन्नाले सूचना प्रविधिमा आधारित सूचना प्रणाली, नेटवर्क, सफ्टवेयर वा प्रोग्रामको सेवा प्रदान गर्ने सँस्था सम्झनु पर्छ।

परिच्छेद–२

## सूचना प्रविधि प्रणालीको सञ्चालन तथा डेटा सेन्टर

३. **सूचना प्रविधि प्रणालीको सञ्चालन र प्रयोग:** (१) बीमकले सूचना प्रविधि प्रणाली केन्द्रीय कार्यालय लगायत सबै शाखा, उपशाखा तथा सम्पर्क कार्यालहरूमा प्रयोगमा ल्याउनु पर्नेछ ।

(२) बीमकले सूचना प्रविधि प्रणाली उच्च अधिकारी, कर्मचारी तथा आवश्यकता अनुसार बीमा मध्यस्थकर्ता सम्मले प्रयोगमा ल्याउन सक्ने व्यवस्था गर्नुपर्नेछ ।

४. **डेटा सेन्टर:** (१) बीमकले फिजिकल डेटा सेन्टर स्थापना गर्नु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि बीमकले क्लाउड डेटा सेन्टरको व्यवस्था समेत गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) को प्रयोजनको लागि बीमकले डेटा सेन्टर विपद व्यवस्थापनको व्यवस्था गर्नुपर्नेछ ।

(४) उपदफा (२) को प्रयोजनका लागि बीमक आफैंले वा नेपालमा दर्ता भई नेपालभित्र संचालनमा रहेका क्लाउड डेटा सेन्टरको सेवा सम्बन्धित सेवा प्रदायकहरुबाट मात्र लिनुपर्नेछ ।

(५) उपदफा (३) बमोजिमको व्यवस्थापन गर्नका लागि बीमकको केन्द्रीय कार्यालय रहेको प्रदेश भन्दा बाहेक अन्य प्रदेशको कुनै स्थानमा डेटा सेन्टरको व्याकअप राख्नुपर्नेछ ।

(६) बीमकले उपदफा (२) र (३) बमोजिमको सेवा अन्य सेवा प्रदायकबाट लिएको रहेछ भने बीमकको सूचना (डेटा) को सुरक्षाको जिम्मेवारी बीमकको हुनेछ । तसर्थ, उक्त कार्यका लागि बीमकले सम्बन्धित सेवा प्रदायकसँग खरिद सम्झौता तथा नन-डिस्क्लोजनर सम्झौता गर्नुपर्नेछ ।

(७) बीमकले आफ्नो कोर एप्लीकेशन सर्भर बीमकको केन्द्रीय कार्यालयमा राख्नुपर्नेछ ।

तर, विदेशी बीमकको शाखा कार्यालयको हकमा त्यस्तो एप्लिकेसन सर्भर केन्द्रीय कार्यालय वा मुख्य शाखा कार्यालयमा राख्नुपर्नेछ ।

परिच्छेद-३

## वेभसाइट

५. **वेभसाइट निर्माण गर्नुपर्ने:** (१) बीमकले वेभसाइट निर्माण गरी सञ्चालनमा ल्याउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम बीमकले निर्माण गरी सञ्चालनमा ल्याएको वेभसाइट समय सापेक्ष अद्यावधिक गर्दै लैजानुपर्नेछ ।

६. **न्यूनतम कुरा उल्लेख भएको हुनुपर्ने:** (१) बीमकको वेभसाइटमा कम्तीमा देहाय बमोजिको विवरण उल्लेख गर्नुपर्नेछः-

(क) वेभसाइट खोल्ने वित्तिकै देखिने गरी ठेगाना, टेलिफोन नम्बर, फ्याक्स, इमेल, नक्सा र स्थान सहितको तस्वीर,

(ख) कुन कुन विषयवस्तु राखिएको छ, सोको क्रमवद्ध ढंगले विषयसूची बनाइएको साइट म्याप,

(ग) दुरदृष्टि, ध्यये, लक्ष्य तथा उद्देश्य,

(घ) सञ्चालक समितिका सदस्य तथा कार्यकारी प्रमुखको नाम, तस्विर, नियुक्ति मिति तथा पुर्ननियुक्त भएको भए सो मिति समेतको विवरण,

(ङ) बीमकको उच्च व्यवस्थापकीय अधिकृत तथा विभागीय प्रमुखहरूको तस्वीर सहितको विवरण,

(च) वेभसाइट खुल्ने वित्तिकै देखिने गरी सूचना अधिकारीको तस्वीर सहितको नाम, पद, सम्पर्क नं. र इमेल सहितको विवरण,

(छ) सेवाग्राहीको लागि कुन कामको लागि कति समयभित्र सेवा उपलव्ध गराउने हो र सोको लागि सम्पर्क राख्नु पर्ने पहिलो, दोस्रो र तेस्रो अधिकृतको नाम र पद सहित उल्लेख भएको नागरिक वडापत्र,

(ज) प्रदेश कार्यालय सहित शाखा, उपशाखा तथा सम्पर्क कार्यालयको ठेगाना, सम्पर्क नम्वर, इमेल र प्रमुखको तस्वीर सहितको विवरण,

(झ) जारी गरिएका सबै बीमालेखहरू वर्गीकरण गरी कुन पोर्टफोलियोको हो छुट्याएको विवरण,

(ञ) खारेज गरेका वा प्रचलनमा नरहेका बीमालेखहरूको विवरण,

(ट) सक्रिय बीमा अभिकर्ताहरूको इजाजतपत्र प्राप्त मिति, बीमा समिति र बीमकले दिएको कोड समेतको विवरण,

(ठ) काममा लगाएका बीमा सर्भेयरको नाम, इजाजतपत्र नम्बर, इजाजतपत्र प्राप्त मिति, इजाजतपत्र नवीकरण मिति सहितको अद्यावधिक विवरण,

(ड) बीमकसँग कुनै व्यक्ति वा सँस्थाले बीमा गर्न चाहेको खण्डमा कसरी बीमा गर्ने हो सो सम्बन्धी प्रक्रिया,

(ढ) कुनै घटना घटी दाबी गर्नुपर्ने स्थिति उत्पन्न भएमा बीमकसँग कसरी दाबी गर्ने हो सो सम्बन्धी प्रक्रिया,

(ण) जालसाजी गरी बीमा दाबी लिएको भनी प्रमाणित भएको व्यक्ति वा सँस्थाको विवरण,

(त) जीवन बीमा कम्पनीको हकमा नाफामा सरिक हुने प्रत्येक बीमालेखको प्रत्येक बर्षको बोनस दर,

(थ) समितिबाट बीमादर जारी गरिएको बीमालेखको हकमा बीमाशुल्क गणना गर्नका लागि बीमाशुल्क गणना गर्ने संयन्त्र वा गणक,

(द) बीमकले प्रत्येक आर्थिक बर्षमा ट्रिटी तथा फ्याकल्टेटिभ पुनर्बीमा अन्तर्गत कुन कुन पुनर्बीमकसँग पुनर्बीमा गराएको हो सोको विवरण,

(ध) लेखापरीक्षण गरिएको विगत पाँच वर्षको वित्तीय विवरण तथा मुख्य सूचकाङ्क,

(न) सूचनाको हक सम्बन्धी कानून अनुसार प्रत्येक तीन महिनामा सार्वजनिक गर्नुपर्ने स्वतः प्रकाशन,

(ऩ) बीमित तथा सम्बन्धित सरोकारवालाले सामान्यतया सोध्न सक्ने सम्भावित प्रश्न तथा उत्तरहरू,

(प) बीमित, सरोकारवाला तथा आम नागरिकले राय प्रतिक्रिया जनाउन सक्ने, राय प्रतिक्रिया भण्डारण हुने, प्रशोधन हुने र प्रशोधित विवरण उच्च अधिकारी समक्ष आवधिक रूपमा पुग्ने व्यवस्था,

(२) यस दफा बमोजिमका विवरणहरू परिवर्तन भएको खण्डमा बढीमा तीन दिन भित्र अद्यावधिक गरिसक्नुपर्नेछ।

७. **अन्य विषयः** (१) बीमकले आफ्नो वेभसाइटमा यस मार्गदर्शनमा उल्लेख गरिएको भन्दा थप अतिरिक्त अन्य विषयहरू आवश्यकता अनुसार समेत उल्लेख गर्न सक्नेछ।

(२) वेभसाइटमा बीमित तथा आम नागरिकको लागि उपयोगी हुने अन्य बीमा सम्बन्धी सामग्री राख्नुपर्नेछ।

(३) उपदफा (१) तथा (२) बमोजिमका विषयहरू समावेश गर्दा अन्य निकायको स्वीकृति लिनुपर्ने भए त्यस्ता नियमनकारी निकायहरूको आदेशको समेत पालना गर्नुपर्नेछ।

परिच्छेद-४

## इमेल, इन्टरनेट र सफ्टवेयर

८. **इमेल:** (१) बीमकले आफ्नो डोमेन नेम सहितको औपचारिक इमेलको व्यवस्था गरी प्रयोग गर्नुपर्नेछ ।

(२) बीमकले सबै शाखा, उपशाखा तथा सम्पर्क कार्यालयहरूमा कार्यरत कम्तीमा अधिकृतस्तरका कर्मचारीहरुको औपचारिक व्यक्तिगत इमेल ठेगानाको व्यवस्था गर्नुपर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम व्यवस्था गरिएको औपचारिक इमेल ठेगाना कार्यालय प्रयोजनका लागि मात्र प्रयोग गर्नुपर्नेछ।

९. **इमेल ठेगाना बन्द हुने:** बीमकको सेवाबाट अवकाश प्राप्त गरेको वा निलम्वनमा परेको कर्मचारीको इमेल ठेगाना स्वतः बन्द हुने व्यवस्था गर्नु पर्नेछ।

१०. **इन्टरनेटः** बीमकले आफ्नो कार्यालयहरूमा अवरूद्ध नहुनेगरी इन्टरनेटको व्यवस्था गर्नुपर्नेछ।

११. **बीमा सफ्टवेयर:** (१) बीमकले आफ्नो कार्य सञ्चालनका लागि बीमा सम्बन्धी कोर एप्लीकेशन सफ्टवेयरको प्रयोग गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सफ्टवेयर वास्तविक समयमा परिणाम दिने सर्भरमा आधारित रियल टाइम सफ्टवेयर हुनुपर्नेछ र एकै समयमा सम्बन्धित सबै स्थानमा सञ्चालन हुनुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको सफ्टवेयरले समितिबाट समय समयमा जारी गरिने वित्तीय विवरण सम्बन्धी निर्देशिका तथा बीमाङ्कीय मूल्याङ्कन सम्बन्धी निर्देशिका बमोजिमको प्रतिवदेनहरु निकाल्न सक्ने क्षमताको हुनुपर्नेछ।

(४) यस दफा बमोजिमको सफ्टवेयरबाट गरिएको कारोवार सोही दिन बन्द (डे इण्ड) हुने र कुनै पनि अवस्थामा बास्तविक समय भन्दा अगाडिका कारोवारको इन्ट्री गर्न, विवरण संशोधन वा परिमार्जन गर्न नसकिने प्रकारको हुनुपर्नेछ।

(५) बीमकको सफ्टवेयर चलाउन अधिकार प्राप्त प्रत्येक कर्मचारीको छुट्टाछुट्टै लगइन आइडीको व्यवस्था गरी युजर प्रिभिलेज एक्सेज कन्ट्रोल म्यानेजमेन्ट गर्नुपर्नेछ।

(६) बीमकले सम्पत्ति शुद्धिकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी कानूनमा उल्लेख भए बमोजिमको सफ्टवेयर समेत प्रयोगमा ल्याउनु पर्नेछ।

१२. **बीमा एप्स प्रयोगमा ल्याउन सकिनेः** बीमकले आवश्यकता अनुसार मोबाइल तथा अन्य प्रकारका एप्स निर्माण गरी प्रयोगमा ल्याउनु पर्नेछ।

१३. **विद्युतीय भुक्तानी सम्बन्धी :** बीमकले नयाँ बीमालेख जारी गर्दा, नविकरण गर्दा, भुक्तानी गर्दा वा प्राप्त गर्दा इजाजतपत्र प्राप्त विद्युतीय भुक्तानीका माध्यमहरु समेत प्रयोग गर्नुपर्नेछ।

१४. **विद्युतीय हस्ताक्षर सम्बन्धी :** बीमकले प्रचलित कानूनको अधीनमा रही विद्युतीय हस्ताक्षरको प्रयोग गर्नुपर्नेछ।

१५. **सूचना प्रविधि सुरक्षा प्रणाली अपनाउनु पर्नेः** (१) बीमकले सूचना प्रविधि सुरक्षा प्रणाली अपनाउनु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि बीमकले आफ्नो विद्युतीय अभिलेख तथा तथ्याङ्कको भण्डारण तथा सुरक्षण गर्नुपर्नेछ।

(३) बीमकले बाह्य तथा आन्तरिक साइबर जोखिम तथा क्षतिलाई न्यूनीकरण गर्न आवश्यक व्यवस्था गरी साइबर सुरक्षा गर्नुपर्नेछ।

(४) बीमकले उपदफा (३) को प्रयोजनका लागि साइबर बीमा गर्नुपर्नेछ।

(५) उपदफा (२) बमोजिम बीमकले साइबर सुरक्षाका लागि बीमकको सूचना प्रविधि नीति सम्बन्धी व्यवस्थामा निवाराणात्मक (प्रिभेन्टिभ), अन्वेषणात्मक (डिटेक्टीभ) तथा प्रतिक्रियात्मक (रेस्पोन्शीब) रणनीतिहरू अवलम्बन गर्नुपर्नेछ।

(६) बीमकले आफ्नो सूचना प्रविधि प्रणालीमा सुरक्षा प्रणाली कायम गर्दा कम्तीमा देहायका विषयहरू सम्बोधन भएको हुनुपर्नेछः-

(क) सूचनाको भौतिक तथा बातावरणीय सुरक्षा,

(ख) हार्डवेयर तथा नेटवर्कको सुरक्षा,

(ग) कम्प्युटर भाइरस तथा अन्य मालवेयरहरूबाट सुरक्षा,

(७) बीमकले आफूसँग भएको सूचनाको वर्गीकरण गरी सोही आधारमा सूचना उपर पहुँचको सीमा निर्धारण गर्नुपर्नेछ।

(८) बीमकले कुनै व्यक्ति वा सँस्थालाई आउटसोर्सिङ गरेको भए सोबाट उत्पन्न हुन सक्ने जोखिमको व्यस्थापन गर्नुपर्नेछ।

(९) बीमकले सूचनाको प्रयोग र सुरक्षाको सम्बन्धमा आवश्यकता अनुसार सम्बन्धित कर्मचारीहरूलाई सचेतना तथा तालिम कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

परिच्छेद-५

## सूचना प्रविधि प्रणाली परीक्षण

**१६. सूचना प्रविधि प्रणालीको परीक्षण :** (१) बीमकले ईजाजतपत्र प्राप्त सूचना प्रविधि सम्बन्धी परीक्षकबाट वार्षिक रुपमा आफ्नो सूचना प्रविधि प्रणालीको परीक्षण गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रविधि प्रणाली परीक्षणको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको छ महिना भित्र समितिमा पेश गर्नुपर्नेछ।

(३) सूचना प्रविधि प्रणालीको परीक्षण गर्दा कम्तीमा देहायका विषयवस्तु समेटिएको हुनुपर्छः-

(क) प्रयोगकर्ताको आधिकारिकता,

(ख) आन्तरिक तथा बाह्य पक्षबाट सूचना प्रविधि प्रणालीमा पुग्न सक्ने सम्भावित जोखिम,

(ग) सूचनाको सुरक्षा, सूचना प्रविधि प्रणालीमा भएका संवेदनशील पक्षहरू,

(घ) डेटावेस तथा कारोवारको सुरक्षा,

(ङ) नेटवर्क तथा हार्डवेयरको सुरक्षा,

(च) विपद व्यवस्थापन सम्बन्धी व्यवस्था तथा कार्यान्वयनको अवस्था,

(छ) प्रणालीमा प्रत्यक्ष पहुँच रोक्न सक्ने उपाय तथा आधारहरू,

(ज) प्रणालीमा पहुँच कायम गर्ने अनधिकृत प्रयत्न सम्बन्धी विषय,

(झ) सूचना प्रविधि प्रणाली बीमकको लागि पूर्ण रूपमा उपयुक्त भए नभएको विषय,

(झ) प्रणालीमा अन्य कुनै जोखिम भएको खण्डमा सोको विवरण ।

**१७. सूचना प्रविधि विपत व्यवस्थापन :** (१) प्रणालीको सुरक्षा तथा जोखिम व्यवस्थापनका लागि प्राकृतिक तथा मानवीय क्षतिसंग सम्बन्धित पक्ष समावेश भएको प्रकोप व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको योजनामा कम्तीमा देहायका विषयहरू समावेश गरेको हुनुपर्नेछः-

(क) डेटा सेन्टर तथा स्ट्याण्डवाई साइट वा विपद व्यवस्थापन (पुनरुत्थान) साइट,

(ख) डेटा, पावर तथा प्रणालीको व्याकअप ,

(ग) रिकभरी टाइम अब्जेक्टिभ र रिकभरी प्वाइन्ट अब्जेक्टिभ,

(घ) घटना व्यवस्थापन,

(ङ) डेटा सेन्टर तथा प्रकोप व्यवस्थापनमा भएको सूचनाको कारोवार तथा तथ्याङ्कको पूर्णताको सम्बन्धमा,

(च) सूचनाको सुरक्षा सम्बन्धमा।

## परिच्छेद–६
## विविध

**१८. सूचना प्रविधि सम्बन्धी नीति तयार गर्नुपर्नेः** (१) बीमकले यस मार्दगर्शनको अधीनमा रही आफ्नो आन्तरिक सूचना प्रविधि नीति तयार गरी लागु गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको नीतिमा अल्पकालीन र दीर्घकालीन सूचना प्रविधि सम्बन्धी रणनीतिहरु संलग्न गरेको हुनुपर्नेछ।

(३) बीमकले प्रयोग गरेको प्रणालीलाई व्यवस्थित गर्नका लागि बीमकको आन्तरिक नियन्त्रण प्रणालीमा आवश्यक व्यवस्था गरेको हुनुपर्नेछ।

**१९. सक्कली उत्पादन प्रयोग गर्नुपर्नेः** बीमकले प्रणालीमा प्रयोग हुने सबै हार्डवेयर तथा सफ्टवेयर वा सो सम्बन्धी सक्कली उत्पादनहरू प्रयोग गर्नुपर्नेछ र त्यस्ता उत्पादनहरूको सक्कली ईजाजतपत्र (लाईसेन्स) राख्नुपर्नेछ।

**२०. सूचना प्रविधि प्रणाली अद्यावधिक गर्नुपर्नेः** (१) बीमकले सूचना प्रविधि प्रणाली मार्फत गरिने कारोवारको नियमित अनुगमन तथा आवश्यकता अनुरूप सूचना प्रविधि प्रणालीको अद्यावधिक गरी सोको जानकारी सम्बन्धित कर्मचारी र प्रयोगकर्तालाई निरन्तर दिनुपर्नेछ।

(२) सूचना प्रविधि प्रणाली उपलब्ध गराउने सँस्थाले सूचना प्रविधि प्रणाली अद्यावधिक गरे अनुरूप बीमकले आफ्नो कारोबारमा आउन सक्ने सम्भावित जोखिमलाई दृष्टिगत गरी आवश्यकता अनुसार आफ्नो कार्यसम्पादन क्षमताको स्तरोन्नति गर्नुपर्नेछ।

(३) सूचना प्रविधि प्रणालीको रेखदेखका लागि बीमकले छुट्टै प्राविधिक कर्मचारीको व्यवस्था गर्नुपर्नेछ र त्यस्तो कर्मचारीको काम, कर्तव्य र अधिकार स्पष्ट रूपमा तोकिएको हुनुपर्नेछ।

**२१. प्रतिवेदन पेश गर्नुपर्नेः** बीमकले यस मार्गदर्शन बमोजिम सूचना प्रविधि प्रणालीको परीक्षण गरी अनुसूची १ को ढाँचामा आर्थिक वर्ष समाप्त भएको छ महिना भित्र समितिलाई वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछ।

२२. **<u>बाधा अड्काउ फुकाऊः</u>** यो मार्गदर्शन बमोजिम कार्य सञ्चालन गर्दा कुनै बाधा अड्काउ परेमा समितिले बाधा अड्काउ फुकाउन सक्नेछ।

२३. **<u>व्याख्या गर्ने अधिकारः</u>** यस मार्गदर्शनको व्याख्या गर्ने अधिकार समितिलाई हुनेछ।

२४. **<u>खारेजी र बचाऊः</u>** (१) बीमकको वेभ साइट सम्बन्धी व्यवस्था, २०६५ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमका व्यवस्था बमोजिम भए गरेका काम कारवाहीहरु यसै मार्गदर्शन बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची १

(दफा २१ सँग सम्बन्धित)

## प्रतिवेदन

| क्र.सं. | शिर्षक | विवरण |
|---|---|---|
| १. | **बीमकको नाम र मुख्य कार्यालयको ठेगाना**<br>*(नाम, ठेगाना, सम्पर्क नं., इमेल, टोल फ्रि नं.  उल्लेख गर्ने)* | |
| २. | **बीमकको सूचना प्रविधि नीति**<br>*(सूचना प्रविधि प्रणाली खरिद योजना, व्यवसाय निरन्तरता र प्राकृतिक प्रकोपबाट रिकभर गर्ने योजना, डेटा सेन्टर र विपत व्यवस्थापन योजना, इन्फरमेशन सेक्यूरिटी, नेटवर्क सेक्यूरिटी, सूचना प्रविधि जोखिम व्यवस्थापन, साइबर सेक्यूरिटी पोलिसी, सूचना प्रविधि परीक्षण पोलिसी आदि सम्बन्धी जानकारी समावेश गर्ने )* | |
| ३. | **डेटा सेन्टर (सूचना केन्द्र)**<br>*(भौतिक सर्भर, क्लाउड सर्भर तथा भरच्युल सर्भर के हो उल्लेख गर्ने र सर्भर लाइसेन्स, सेवा प्रदायकसँगको खरिद सम्झौता तथा नन-डिस्क्लोजनर सम्झौता समेत समावेश गर्ने )* | |
| ४. | **सूचना प्रविधि विपत व्यवस्थापन केन्द्र**<br>*(भौतिक सर्भर, क्लाउड सर्भर तथा भरच्युल सर्भर के हो उल्लेख गर्ने र सर्भर लाइसेन्स, सेवा प्रदायकसँगको खरिद सम्झौता तथा नन-डिस्क्लोजनर सम्झौता समेत समावेश गर्ने )* | |
| ५. | **औपचारिक वेभसाइट**<br>(वेभसाइटको नाम, *वेभ होस्टिङ् सेवा प्रदायकसँगको खरिद सम्झौता तथा नन-डिस्क्लोजनर सम्झौता समेत समावेश गर्ने )* | |
| ६. | **औपचारिक इमेल**<br>*( इमेलको मेल सर्भर सम्बन्धी जानकारी र कार्यलयको औपचारिक इमेलहरुको संख्या उल्लेख गर्ने)* | |
| ७. | **बीमा सफ्टवेयर**<br>*( वेभमा आधारित हो वा डेष्कटपमा आधारित वा रियलटाइम हो उल्लेख गर्ने , सर्भर लाइसेन्स, सेवा प्रदायकसँगको खरिद सम्झौता तथा नन-डिस्क्लोजनर सम्झौता समेत समावेश गर्ने )* | |
| ८. | **बीमा एप्स**<br>*(मोबाइल एप्स वा अन्य प्रकारको एप्स हो उल्लेख गर्ने)* | |
| ९. | **सूचना प्रविधि सम्बन्धी अन्य विवरण**<br>*(विद्युतीय भुक्तानीका माध्यमहरु, विद्युतीय हस्ताक्षरको प्रयोग, भिडियो कन्फेरेन्स सिस्टम, सिसिटीभी जडान, विद्युतीय हाजिरी आदि प्रयोग गरेको वा नगरेको उल्लेख गर्ने र अन्य सूचना प्रविधि प्रणाली प्रयोग भएमा सोको विवरण समेत उल्लेख गर्ने )* | |
| १०. | **सूचना प्रविधि विभाग प्रमुखको विवरण**<br>*(नाम, विभाग/शाखा, इमेल, मोबाइल नं., मातहतका सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक कर्मचारीहरुका विवरण उल्लेख गर्ने)* | |